**कमलामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय सिन्धुली**
**वागमती प्रदेश, नेपाल**

## नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**( तेश्रो पटक प्रकाशित मिति २०७९/०७/२२ )**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ क मा भएको व्यवस्था तथा यस नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ अनुसार तपशिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न नगर कार्यपालिकाको मिति:२०७९/०७/१७ गतेको बैठकको निर्णयअनुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र, मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, नियम अनुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको नाम | उत्खनन् गर्न पाउँने परिमाण (घ.मि.) | न्युनतम बोलपत्र रकम रु. (सेवा शुल्क र मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/ विड वण्ड | बोलपत्र खरिद गर्ने अन्तिम दिन | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|---|---|
| १ | KMU/SIN /IR/01/079 /080 | कमला नदी (करकरे देखि भिमान खण्ड सम्मको IEE ले तोकेको क्षेत्र) | १०७३६ | ३४,०८,८९४।७२ | ३०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| २ | KMU/SIN /IR/02/079 /080 | कमला नदी ( रानीवास चन्दनपुर १-६ खण्ड IEE ले तोकेको क्षेत्र) | ३१०९४ | ९८,७२,९६७।– | ३०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| ३ | KMU/SIN /IR/03/079 /080 | मरिण खोला ( Quarry Site १ देखि Quarry Site ५ सम्म IEE ले तोकेको क्षेत्र) | २६६८८ | ८४,७३,९७४।– | ३०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| ४ | KMU/SIN /IR/04/079 /080 | ग्वाङ खोला ( Quarry Site १ देखि Quarry Site ४ सम्म IEE ले तोकेको क्षेत्र) | ८५०४ | २७,००,१९०।– | ३०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| ५ | KMU/SIN /IR/05/079 /080 | धमिले खोला ( Quarry Site १ देखि Quarry Site ३ सम्म IEE ले तोकेको क्षेत्र) | ४५५० | १४,४४,७१६।– | १०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| ६ | KMU/SIN /IR/06/079 /080 | जिर्घा खोला ( Quarry Site १ IEE ले तोकेको क्षेत्र) | २७४५ | ८,७१,५९२।– | १०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | KMU/SIN/IR/07/079/080 | गडौली खोला ( IEE ले तोकेको क्षेत्र) | १२४८ | ३,९६,२६५।— | १०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |
| ८ | KMU/SIN/IR/08/079/080 | बुका खोला ( Quarry Site १ र Quarry Site ४ IEE ले तोकेको क्षेत्र) | ७५८ | २,४०,६८०।— | १०००।– | कवोल अंकको ५% | सूचनाको १५ औं दिन मिति २०७९/०८/०६ कार्यालय समय भित्र PPMO को e-Bidding System अनुसार | सूचनाको १६ औ दिन मिति २०७९/०८/०७ दिनको १२ बजे भित्र PPMO को e-Bidding System अनुसार |

## ठेक्का सम्बन्धी शर्तहरु

१. बोलपत्र फारमका साथ माथि तोकिएको दस्तुर कमलामाई नगरपालिकाको आन्तरिक राजश्व खाता नं. १०६०१००३०१०१०००३ मा जम्मा गरेको नगदी रसिद, निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाणपत्र, नियम अनुसार कर चुक्ता प्रमाण-पत्र र मू.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी संलग्न राखि माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट ***https://www.bolpatra.gov.np/egp/*** बाट बोलपत्र फारम **Download** गरि नियम अनुसार बोलपत्र फारम भर्न सकिनेछ ।

२ बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफूले कबोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउ ने धरौटी रकम यस कार्यालयको धरौटी खाता नं. १०६०१००३०३००००३ मा जम्मा गरी सोको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको विडवण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

३. बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन मिति २०७९।०८।०७ गते दिनको १:०० बजे कमलामाई नगरपालिकाको खरिद इकाइ, राजश्व शाखाका प्रतिनिधि एवं ठेकेदारहरुको रोहवरमा कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

४. बोलपत्र सम्बन्धी थप जानकारीका लागि कार्यालयको राजश्व उपशाखामा वा योजना शाखामा सम्पर्क राख्न अनुरोध छ ।

५. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सम्झौताका लागि सो को सूचना पाएको वा घर दैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत २५ (पच्चीस) प्रतिशत ले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । बाँकी ७५ (पचहत्तर) प्रतिशत ले हुने रकम क वर्गको वाणिज्य बैंकबाट २०८० साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको शर्तरहित बैंक जमानत (परफरमेन्स वण्ड ) समेत पेश गरी पट्टा उठाउनु पर्छ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफूले कबोल गरेको अंक, सो मा नियमअनुसार लाग्ने मूल्यअभिवृद्धी कर थप १३ (तेह्र) प्रतिशत रकम समेत ठेकेदारले बुझाउनुपर्नेछ । नियम अनुसार नेपाल सरकारलाई लाग्ने कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. बोलपत्रदाताले दोश्रो किस्ता फाल्गुन मसान्त सम्ममा ४० (चालिस) प्रतिशत र बाँकी ३५ (पैतीस प्रतिशत) जेष्ठ मसान्त भित्र बुझाउनु पर्नेछ ।

८. उल्लेखित अनुसार ठेक्का स्वीकृत रकम सम्बन्धी अंक एक मुष्ठ बुझाएमा कबोल अंकको ५ प्रतिशत रकम छुट दिइने छ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम वा विड बण्ड जफत गरी नियमअनुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बामोजि हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१०. यस ठेक्काको अवधि २०८० जेष्ठ मसान्तसम्म कायम हुनेछ ।

नोटः विस्तृत जानकारीका लागि यस कार्यालयको **Website https://www.kamalamaimun.gov.np/** मा हेर्न सकिनेछ ।